प्रदेश सरकार

प्रदेश नं. ५

भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय फोन नं. ०८१-५६०००२

कृषि बिकास निर्देशनालय

०८१-६२१२१६

# बाली संरक्षण प्रयोगशाला
# खजुरा,बाँके

ईमेल :*rpplkhajura@gmail.com*

**सुन्तलाजात फलफुल र अदुवाको उत्पादनोरान्त क्षती न्युनीकरणको लागि प्याकहाउस स्थापना गर्नको लागि अनुदान माग गर्न प्रस्ताव पेश गर्ने सम्बन्धि**

**सूचना**

**(प्रथम पटक प्रकाशन मितिः २०७५/१२/१४)**

आ.ब. २०७५/७६ मा सुन्तलाजात फलफुल र अदुवाको उत्पादनोपरान्त क्षती न्युनीकरण तथा मुल्य अभिबृद्धी गर्न **"बाली उत्पादनोपरान्त क्षति न्युनिकरण तथा गुणस्तरीय कृषि बस्तु उत्पादन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" अनुसार** प्रदेश नं ५ का १२ जिल्लाहरुमा प्याक हाउस (१ वटा) (सँकलन, प्रिकुलिङ्ग, निसँक्रमण, ड्राईङ्ग, प्रशोधन, ग्रेडिङ्ग, प्याकिङ्ग, लेबलिङ्ग तथा भण्डारण समेत) को लागि पुर्बाधार बिकास गर्न आवश्यक भवन तथा मेसिनरी औजार निर्माण खरीदमा लागत मुल्यको ८५ प्रतिशत वा रु ४५,१७,६४७/- (पैतालिस लाख सत्र हजार छ सय सच्चालिस रुपैंया) प्रति १ प्याक हाउस सम्म अनुदान उपलब्ध गराउने कार्यक्रम भएको हुँदा सुन्तलाजात फलफुल र अदुवाका उत्पादन तथा बजारीकरणमा सँलग्न कृषकसमुह, सहकारी तथा कृषि उद्यमी/व्यवसायीहरुबाट तपसिल बमोजिमको कागजपत्रहरुको प्रतिलिपि सँलग्न राखी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिनभित्र बिस्तृत प्रस्ताव स्विकृत कार्यविधिको परिधिभित्र रही तयार गर्न तथा प्रस्ताव सम्बन्धी ढाँचा र अन्य बिस्तृत जानकारीको लागि सम्बन्धित कृषि ज्ञान केन्द्रमा वा टेलिफोन नं. ०८१-५६०००२, ६२१२१६ मार्फत जानकारी लिन सकिनेछ । प्रस्ताव सम्बन्धित जिल्लाको कृषि ज्ञान केन्द्रमा वा यस प्रयोगशालामा तोकिएको समय भित्र बुझाउन सकिनेछ ।

**संलग्न राख्नुपर्ने कागजातहरुः**

१.समुह / सहकारी / फर्म दर्ता / नागरिकता, समुहको हकमा प्यानमा दर्ता भएको हुनुपर्ने

२.कर चुक्ताको प्रमाण पत्र

३.आर्थिक विवरण (विगत तीन आ. व. को कारोवार तथा लेखापरिक्षण रिपोर्ट)

४.निर्माणको हकमा

- जग्गाको निजी स्वामित्व भएका हकमा जग्गाको लालपूर्जाको प्रतिलिपी
- जग्गा भाडामा लिएको हकमा आधिकारिक कानुन व्यवसायीले नेपाली कागजमा तयार गरेको लिजको कागजात र लिजमा लिएको समुह/ सहकारी/व्यक्ति जग्गाको लालपूर्जाको प्रतिलिपि
- सार्वजनिक/सरकारी जग्गाको हकमा आधिकारिक मन्जुरीनामा
- जग्गा भाडामा लिएको (लिज) अवधि न्यूनतम १५ वर्ष हुनुपर्ने

५.मेशिनरी औजारको हकमा आधिकारिक सप्लायर्सको स्पेशिफिकेशन सहितको कोटेशन

६. निर्माण गरिने पूर्वाधारको मान्यता प्राप्त इन्जिनियरबाट तयार गरिएको डिजाइन, लागत तथा ईष्टिमेट

७. समुह / सहकारीको आधिकारीक निर्णय सहितको अधिकार प्रत्यायोजनको पत्र

८.सम्बन्धीत जिल्लाको कृषि ज्ञान केन्द्रको सिफारिश

श्री सूचना प्रविधी शाखा | कृषि विकास शाखा

सूचनालाई website, facebook page मा

अपलोड गरिदिने ।

[signature]

२०७५।१२।१४

**पोष्टहार्भेष्ट ह्याण्डलिङ संरचना निर्माण तथा पूर्वाधार (प्याक-हाउस) स्थापनाको लागि अनुदान माग गर्ने प्रस्ताव तयार गर्ने ढाँचा :**

| | |
|---|---|
| १ | संस्थाको नाम : |
| २ | संस्थाको किसिम (कृषक समुह, सहकारी, निजी (एकल स्वामित्व वा प्रा.लि)/ कृषि उद्यमी : |
| ३ | सदस्य/सेवाग्राही संख्या : |
| ४ | स्थापना मिति : |
| ५ | कारोबार शुरु गरिएको मिति : |
| ६ | हितकोष रकम/पूँजी लगानी : |
| ७ | सदस्यहरुको जम्मा जग्गा/ क्षेत्रफल : |
| ८ | सेवा पुऱ्याएका कृषकहरुको जग्गा/क्षेत्रफल : |
| ९ | सुन्तला बगैंचा/ अदुवाबालीको क्षेत्रफल (हे.): |
| १० | कुल उत्पादन : |
| ११ | बजार योग्य उत्पादन/बिकि परिमाण : |
| १२ | बिगत ३ बर्षको कारोबार (मे. टन.):<br>आ.ब. २०७२/७३ ........................... आ.ब.२०७३/७४..........................<br>आ.ब.२०७४/७५ .......................... |
| १३ | निर्यात स्थिति :<br>स्थानिय ....................... क्षेत्रिय.................. अन्तराष्ट्रिय ................................ |
| १४ | क्षेत्र विस्तारको योजना (जिल्ला र क्षेत्रफल):<br>आ.ब.२०७५/७६................................<br>आ.ब.२०७६/७७ .......................... आ.ब.२०७७/७८ .......................... |
| १५ | प्याक हाउस संचालनको भावी योजना : |
| १६ | प्याक हाउस संचालनको लागि उपलब्ध जग्गाको क्षेत्रफल : |
| १७ | परियोजना स्थलको जग्गाको स्वामित्व :<br>• निजी<br>• भाडामा<br>• सरकारी/सार्वजनिक<br>• आफ्नै स्वामित्वको जग्गा नभए कति बर्षको लागि भाडा/करारमा लिएको हो खुलाउनु पर्ने : |
| १८ | बाटो/घाटो तथा अन्य पूर्वाधार (पानी, विद्युत आदि) को व्यवस्था : |
| १९ | प्रस्तावित कुल लगानी योजना : |
| | भवन : |
| | मेशिनरी : |
| | चालु पुँजी : |
| | वजार सर्भेक्षण : |
| | लगानी उठ्न लाग्ने समय : |
| २० | लगानीको श्रोत :<br>शेयर ............................. ऋण ................................... अनुदान.................................. |
| २१ | बहुपक्षीय लगानीमा सम्पन्न हुने कार्यकमको हकमा लगानी गर्ने निकायहरु र लगानी गर्ने रकम सम्बन्धि बिवरण : |

| | |
|---|---|
| | |
| २२ | हाल भोगिएका समस्या तथा अवसरहरु : |
| २३ | प्याक हाउस संचालनमा गरिने कृयाकलापहरु :<br>संकलन :<br>ग्रेडिङ्ग :<br>प्रि कुलिङ्ग :<br>प्याकेजिङ्ग :<br>भण्डारण :<br>प्रशोधन :<br>अन्य : |
| २४ | आवश्यकताको औचित्यको पुष्टी |

नोट : १. प्रस्ताव तयार गर्दा लागत ईष्टिमेट, नक्शा तथा ले आउट प्लान, खरीद गरिने मेसिनरी औजारको हकमा अनुमानित मुल्य र कोटेसन समेत सँलग्न राखी पेश गर्नुपर्नेछ ।

२. बुँदा नं. ५, १२, १३, १६, १७ र २० को हकमा आधिकारिकताको प्रमाण समेत पेश गर्नुपर्नेछ।

३. बुँदा नं.१३ को हकमा विदेश निर्यात गरिएको भए आधिकारिकताको प्रमाण समेत पेश गर्नुपर्नेछ।

४. बुदाँ नं. १७ को हकमा सरकारी/सार्वजनिक वा लिजको जग्गा भए कम्तीमा १५ वर्षको समयावधि हुनुपर्ने